नेपाल सरकार
# पूर्वाधार विकास मन्त्रालय

फोन नं.: ४२११८८०, ४२११६५८, ४२११६६८

सिंहदरवार, काठमाडौं, नेपाल।

नेपाल सरकार पूर्वाधार विकास मन्त्रालय सिंहदरवार, काठमाडौं

पत्र संख्याः ८१३१२०८३।८४
चलानी नं.: ०४

मितिः- २०८३।०४।०७

श्री सडक विभाग, चाकुपाट, ललितपुर ।
श्री यातायात व्यवस्था विभाग, मिनभवन, काठमाण्डौं ।
श्री नेपाल पानी जहाज कार्याल, एकान्तकुना, ललितपुर ।
श्री शहरी विकास तथा भवन निर्माण विभाग, बवरमहल, काठमाडौं ।
श्री स्थानीय पूर्वाधार विभाग, पुल्चोक, ललितपुर ।
श्री संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय, सानो गौचरण, काठमाडौं ।
श्री काठमाण्डौ उपत्यका विकास प्राधिकरण, अनामनगर, काठमाडौं ।
श्री अधिकार सम्पन्न वागमती सभ्यता एकिकृत विकास समिति, गुह्येश्वरी, काठमाडौं ।
श्री विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति, बानेश्वर, काठमाडौं ।
श्री शहरी प्रवधि तथा अनुसन्धान केन्द्र, बवरमहल, काठमाडौं ।
श्री नगर विकास कोष, बानेश्वर, काठमाडौं ।
श्री खानेपानी तथा ढल व्यस्थापन विभाग, पानीपोखरी, काठमाण्डौं।
श्री मेलम्ची खानेपानी विकास समिति पानीपोखरी, काठमाण्डौं ।
श्री सडक वोर्ड नेपाल, मिनभवन, काठमाण्डौ ।
श्री नेपाल रेल्वे वोर्ड, विशालनगर, काठमाडौं ।

**विषयः- आ.व २०८३।८४ को बजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शन ।**

विनियोजन ऐन, २०८३ अनुसार आर्थिक वर्ष २०८३/८४ का लागि त्यस विभाग/प्राधिकरण/कोष/केन्द्र/समिति/वोर्ड कार्यालयहरूमा विनियोजित रकम प्रचलित कानून बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने/गराउने समेतको जिम्मेवारी सम्पन्न गर्नु हुनेछ । आ.व. २०८३।०८४ को बजेटको उद्देश्य प्रासिको लागि उपलब्ध हुने स्रोतको अधिकतम उपयोग गर्दै खर्चमा मितव्ययिता, दक्षता र प्रभावकारिता कायम गर्नु हुनेछ । समग्र वित्तीय अनुशासनका लागि बजेट निकासा, खर्च र नियन्त्रण लगायत वित्तीय उत्तरदायित्व बहन गर्न विनियोजन ऐन, २०८३, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिपालना गर्न/गराउनु हुनेछ भन्ने विश्वासका साथ विनियोजन ऐन, २०८३ को दफा ९ को उपदफा (३) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २८ को उपनियम (४) बमोजिम बजेट कार्यान्वयनमा सम्बन्धमा यो मार्गदर्शन प्रेषित गरेको छु ।

आर्थिक वर्ष २०८३/८४ को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय बमोजिम व्यवस्था मिलाइएको हुँदा सो बमोजिम गर्नु/गराउनु हुनेछ ।

...प्रसाद सिग्देल

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय

फोन नं.: ४२११६८०, ४२११६५८, ४२११६६८

सिंहदरवार, काठमाडौं,
नेपाल।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं

पत्र संख्याः
चलानी नं.:

(क) अख्तियारी, कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट

१. मन्त्रालयगत बजेट सूचना प्रणाली (Line Ministry Budget Information System-LMBIS) मा समावेश भएको कार्यक्रमलाई स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले बजेट कार्यान्वयन गर्ने सम्बन्धित इकाईलाई बजेट निकासा गर्नेछ।

२. वार्षिक स्वीकृत कार्यक्रमका लागि विनियोजित बजेट फागुन मसान्तसम्म खर्च नभएमा वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा त्यस्तो रकम सम्वत् २०८३ चैत १५ गतेभित्र अर्थ मन्त्रालयमा समर्पण गर्नु हुनेछ ।

३. आर्थिक वर्ष २०८३/८४ को स्वीकृत बजेट तथा कार्यक्रममा कुनै आयोजना/ कार्यक्रम/क्रियाकलापको नाम वा उद्देश्य एउटै भई मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा दोहोरो प्रविष्टि भएकोमा कुनै एउटा मात्र आयोजना, कार्यक्रम वा क्रियाकलाप कार्यान्वयनका लागि छनोट गरी दोहोरिएका अन्य आयोजना/कार्यक्रम/क्रियाकलाप रोक्का राखी अर्थ मन्त्रालयमा बजेट समर्पण गर्नु हुनेछ ।

४. समपूरक अनुदान र विशेष अनुदानबाट प्रदेश वा स्थानीय तहमा सञ्चालित आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि बजेट रकमान्तर वा क्रियाकलाप संशोधन गर्नुपर्ने भएमा कार्यकमको क्षेत्र तथा उद्देश्यमा प्रतिकूल नहुने गरी राष्ट्रिय योजना आयोगको सिफारिसमा नेपाल सरकार, अर्थ मन्त्रालयमा रकमान्तर तथा अख्तियारी संशोधन गर्नका लागि पठाउनु हुनेछ।

५. प्रदेश र स्थानीय तहले सशर्त अनुदान वापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको कार्यक्रम वा आयोजनाको लागि प्राप्त भएको हो सोही कार्यकम वा आयोजनाको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रकिया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्बन्धित प्रदेश सभा, गाउँ सभा वा नगर सभाले पारित गरेको, राजस्व र व्ययको अनुमान साउन मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्ने व्यवस्था कार्यान्वयन गर्नु/गराउनु हुनेछ ।

६. सशर्त अनुदान अन्तर्गत वित्तीय हस्तान्तरण भएको रकमको स्थानीय र प्रदेश तहले भौतिक प्रगति तथा खर्च भएको रकमको विवरण २०८३ मङ्सिर १५ गते, २०८३ चैत्र १५ गते, २०८४ असार १५ गतेभित्र र वार्षिक आर्थिक विवरण आगामी आर्थिक वर्षको साउन मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्ने व्यवस्था मिलाउनु हुनेछ ।

७. वैदेशिक सहायता समावेश भएका सशर्त अनुदानका कार्यक्रमको हकमा अन्य विषयका अतिरिक्त वित्तीय सम्झौता र आयोजना कार्यान्वयन निर्देशिकामा भएका व्यवस्था उक्त आयोजना कार्यान्वयनको शर्तको रूपमा रहनेछन्। उक्त सम्झौता तथा निर्देशिका बमोजिमको व्यवस्था कार्यान्वयन नहुँदा दातृ निकायबाट खर्चको सोधभर्ना प्राप्त नहुने भएकोले उक्त व्यवस्था अनिवार्य पालन गरी/गराई सोधभर्ना लिने व्यवस्था मिलाउनु हुनेछ। सम्झौता र निर्देशिकाको कागजात सम्बन्धित प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउनु हुनेछ। प्रदेश वा स्थानीय तहले उल्लेखित सहायता परिचालन गर्दा सम्झौतामा निर्दिष्ट गरेको ढाँचामा निर्धारित समयभित्र नेपाल सरकारको सम्बन्धित मन्त्रालय, सम्बन्धित सोधभर्ना

...सिग्देल

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
फोन नं.: ४२११९८०, ४२११६५८, ४२११६६८
सिंहदरवार, काठमाडौं, नेपाल।
पत्र संख्याः
चलानी नं.:

माग गर्ने निकाय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गर्नु हुनेछ ।

८. विनियोजन ऐन, २०८३ बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै कार्यक्रम/आयोजना अको तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाईको रुपमा प्रचलित सङ्घीय कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक र अन्तिम लेखापरीक्षण गराउनु हुनेछ ।

९. स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई बजेट विनियोजन भएको कार्यक्रमको कार्यान्वयनको लागि कार्यविधि, निर्देशिका, मापदण्ड, दिग्दर्शन वा मार्गदर्शन आवश्यक पर्ने भएमा संवत् २०८३ साउन मसान्त भित्र तर्जुमा गर्नु हुनेछ । त्यस्तो कार्यविधि स्वीकृत भएको सात दिनभित्र वेबसाइटमा राख्नु हुनेछ। तर यस्तो कार्यविधि, निर्देशिका, मापदण्ड, दिग्दर्शन वा मार्गदर्शन बनाउँदा थप आर्थिक दायित्व सिर्जना हुने विषय भएमा अर्थ मन्त्रालयको पूर्व सहमति लिनु हुनेछ ।

१०. विनियोजन ऐन, २०८३ बमोजिमका स्वीकृत वार्षिक आयोजना/कार्यक्रम कार्यान्वयन गर्न आवश्यक हुने अस्थायी दरबन्दी अर्थ मन्त्रालयको सहमतिमा सम्बत् २०८३ साल साउन मसान्तभित्र नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृति प्राप्त गर्नु हुनेछ ।

११. खरिद प्रक्रिया सुरु गर्दा बहुवर्षीय दायित्व सिर्जना हुने आयोजना वा कार्यक्रम भएमा मध्यमकालीन खर्च संरचनाको सीमाभित्र रही गर्नु हुनेछ । तर वैदेशिक सहायताको आयोजनाको हकमा सहायता सम्झौता भएको रकमको सीमाभित्र खरिद प्रक्रिया अघि बढाउनु हुनेछ ।

१२. वैदेशिक ऋण वा अनुदान सम्झौता प्रभावकारी नभएसम्म उक्त आयोजनाको लागि विनियोजित वैदेशिक स्रोतको बजेट र नेपाल सरकारको समपूरक कोष (Matching Fund) समेत खर्च शीर्षकगत आधारमा रोक्का रहनेछ। तर पूर्व प्रभावी वित्तीय (Retroactive Financing) सम्झौता भएको हकमा अर्थ मन्त्रालयको सहमतिमा भुक्तानी दिन सकिनेछ।—

१३. कार्यक्रम/आयोजना विशेषका लागि सम्झौता भई सोधभर्ना प्राप्त हुने सुनिश्चित भएको आयोजनाको र ए.डि.बि/पि.बि.एल (ADB/PBL), ए.डि.वि/रेज (ADB/RAISE), ए.डि.बि/डब्लु.एस.जी.आर. (ADB/WSGR), विश्व बैंक/रेज (WB/RAISE). ए.डी.वी. क्याडपिओ (ADB/CADPO) र आई.एम.एफ./ई.सि.एफ. (IMF/ECF) बजेट सपोर्ट (Budget Support) लगायत बजेटरी सहायतातर्फको विनियोजित रकम बैदेशिक स्रोत प्राप्त नभएमा नेपाल सरकार स्रोतबाट हिसाब मिलान गर्ने गरी दोस्रो त्रैमासिकसम्म बजेट फुकुवा गरिएको छ। वैदेशिक स्रोततर्फको बजेट रकम निकासा गर्नुपूर्व उक्त स्रोतबाट रकम प्राप्त हुने सुनिश्चित गरेर मात्र निकासा गर्ने व्यवस्था मिलाउनु हुनेछ। चालु आर्थिक वर्षमा सुरू गर्न प्रस्ताव गरिएका नयाँ आयोजना तथा कार्यकमको हकमा वित्तीय सम्झौता प्रभावकारी भएको सुनिश्चित गरेर मात्र खर्च गर्नु हुनेछ । कुनै कारणले भुक्तानी विधि फरक परेकोमा सम्वत् २०८३ साउन मसान्तभित्र परिमार्जन गर्न लेखी पठाउनु हुनेछ।

१४. सोधभर्ना निर्देशिका बमोजिम नियमित रुपमा सोधभर्ना माग गर्नु हुनेछ। आयोजना व्यवस्थापन कार्यालयले सोधभर्ना माग गरेको विवरण महालेखा नियन्त्रक कार्यालयलाई अनिवार्य रूपमा जानकारी गराउनु हुनेछ। वैदेशिक ऋणको

... प्रसाद सिग्देल

नेपाल सरकार
# पूर्वाधार विकास मन्त्रालय

फोन नं.: ४२११८८० / ४२११६५८ / ४२११६६८

सिंहदरवार, काठमाडौं,
नेपाल।

नेपाल सरकार पूर्वाधार विकास मन्त्रालय सिंहदरवार, काठमाडौं

पत्र संख्याः
चलानी नं.:

सोधभर्ना भएको विवरण सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई उपलब्ध गराउनु हुनेछ। निर्धारित समयभित्र सोधभर्ना प्रकिया सुरु नगरेमा अर्को त्रैमासिकको निकासा रोक्का गरिनेछ । समयमै सोधभर्ना माग नगर्ने आयोजना प्रमुख र लेखा प्रमुखलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम कारबाही गर्नु/गराउनु हुनेछ । Sector Wide Approach (SWAP) Disbursement Linked Indicator (DLI) को आधारमा सोधभर्ना हुने आयोजनाको समेत नियमित रुपमा सोधभर्ना लिने व्यवस्था मिलाउनु हुनेछ। SWAP तथा DLI मा आधारित कार्यक्रम तथा आयोजनाको सोधभर्ना प्राप्त रकम महालेखा नियन्त्रक कार्यालयले छुट्टै Designated Account मा जम्मा गरी खर्चको आधारमा त्रैमासिक रूपमा सरकारी कोषमा स्थानान्तरण गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

१५. विनियोजित रकमको सीमाभित्रै रही कार्यक्रम कार्यान्वयन गर्नु/गराउनु हुनेछ। अर्थ मन्त्रालयको सहमति विना थप आर्थिक दायित्व सिर्जना गर्नु हुनेछैन। विपद्को अवस्था, नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय र विशेष अवस्थामा बाहेक पहिलो त्रैमासिक अवधिसम्म थप निकासा माग गर्नु हुनेछैन ।

**(ग) बजेट खर्च, रकमान्तर, कार्यक्रम संशोधन तथा प्रतिवेदन**

१६. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० को उपदफा (२) बमोजिम एउटै अनुदान सङ्केतभित्र रही चालु खर्च शीर्षकमा विनियोजन भएको रकम चालु र पुँजीगत खर्च शीर्षकमा रकमान्तर गर्ने अधिकार लेखा उत्तरदायी अधिकृतलाई हुने व्यवस्था रहेको छ ।

१७. देहायका खर्च शीर्षकको हकमा अन्तर खर्च शीर्षक (इन्टर इकोनोमिक कोड) मा रकमान्तर तथा क्रियाकलाप संशोधन लेखा उत्तरदायी अधिकृतबाट हुनेछ ।

| क्र.सं. | खर्च सङ्केत | खर्च शीर्षक |
|---|---|---|
| १. | २११११ | पारिश्रमिक कर्मचारी |
| २. | २१११२ | पारिश्रमिक पदाधिकारी |
| ३. | २११२१ | पोशाक |
| ४. | २११२२ | खाद्यान्न |
| ५. | २११२३ | औषधि उपचार खर्च |
| ६. | २११३१ | स्थानीय भत्ता |
| ७. | २११३२ | महङ्गी भत्ता |
| ८. | २११४२ | पदाधिकारी अन्य सुविधा |
| ९. | २१२१२ | योगदानमा आधारित निवृत्तिभरण तथा उपदान कोष खर्च |
| १०. | २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च |
| ११. | २१२२२ | पदाधिकारीको योगदानमा आधारित निवृत्तिभरण तथा उपदान कोष खर्च |
| १२. | २७१११ | सामाजिक सुरक्षा |

सिग्देल

फोन नं.: ४२११९८०, ४२११६५८, ४२११६६८

सिंहदरवार, काठमाडौं, नेपाल।

पत्र संख्याः
चलानी नं.:

१८. पुँजीगत खर्च शीर्षकमा विनियोजन भएको रकम एउटै अनुदान सङ्केतभित्र रही रकमान्तर गर्न मन्त्रालयमा पठाउनु हुनेछ ।

१९. एउटै अनुदान सङ्केत अन्तर्गतको कुनै निकायका लागि विनियोजन भएको रकम अर्को निकायको लागि खर्च गर्ने गरी अख्तियारी मन्त्रालयवाट प्रदान हुनेछ।

२०. मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै आयोजना वा कार्यक्रम वा क्रियाकलाप संशोधन गर्नुपर्ने भएमा आवश्यकता र औचित्य समेतका आधारमा संशोधन गर्ने मन्त्रालयवाट हुनेछ।

२१. स्वीकृत बार्षिक कार्यक्रममा समावेश भएको बजेट र क्रियाकलापको त्रैमासिक संशोधन मन्त्रालयवाट हुनेछ।

२२. रकमान्तर वा कार्यक्रम वा क्रियाकलाप वा त्रैमासिक विभाजन संशोधन गर्दा स्रोतमा परिवर्तन गर्नुपर्ने भएमा नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु हुनेछ ।

२३. विनियोजन ऐन, २०८३ बमोजिम कुनै आयोजना वा कार्यक्रमको लागि एकमुष्ट रूपमा विनियोजन भएको रकम स्वीकृत कार्यविधिको आधारमा मन्त्रालयवाट बाँडफाँट गरी कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

२४. खर्च सङ्केत नं. २६४१२ सरकारी निकाय, समिति तथा बोर्डलाई सशर्त चालु अनुदान र २६४२२ सरकारी निकाय, समिति तथा बोर्डलाई सशर्त पुँजीगत अनुदान प्राप्त गर्ने निकायले मध्यमकालीन खर्च संरचनामा प्रविष्ट भएको बजेटको सीमाभित्र रहेर बहुवर्षीय खरिद प्रक्रिया अगाडि बढाउनु पर्नेछ ।

२५. मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको पूर्वाधार सम्बन्धी आयोजना कार्यान्वयन गर्नु पूर्व सम्बन्धित विषयगत मन्त्रालय वा निकायले आयोजना बैङ्कमा प्रविष्टि सम्बन्धी प्रक्रिया पूरा गर्नु हुनेछ । आयोजना बैङ्कमा प्रविष्टि भएको आयोजना एकै आर्थिक वर्षमा अध्ययन सम्पन्न गरी विनियोजित रकमको सीमाभित्र रही कार्यान्वयन गर्नु पर्नेछ ।

२६. सशर्त अनुदानको रूपमा वित्तीय हस्तान्तरण भई स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको एक आयोजना वा कार्यक्रमबाट अर्को आयोजना वा कार्यक्रममा वार्षिक कार्यक्रमको क्षेत्र तथा मूल उद्देश्यमा परिवर्तन नहुने गरी प्रदेशको सम्बन्धित मन्त्रालयको सिफारिसमा नेपाल सरकारको विषयगत मन्त्रालयले स्रोत परिवर्तन नहुने गरी रकमान्तर तथा क्रियाकलाप संशोधन गर्नु पर्नेछ ।

२७. स्रोत सहमति तथा अन्य कारणबाट सिर्जित दायित्वको यथार्थ विवरण तयार गर्नु हुनेछ। यस अघि अर्थ मन्त्रालयबाट वहुवर्षीय खरिद तथा स्रोत सहमति भएका आयोजनाको कुल लागत, ठेक्का रकम, हालसम्मको खर्च, ठेक्का सम्झौता मिति, सम्पन्न गर्नुपर्ने मिति लगायतको विवरण मन्त्रालयगत बजेट सूचना प्रणालीमा अनिवार्य रुपमा प्रविष्ट गर्नु हुनेछ।

२८. नियमित संरचनाबाट सम्पन्न गर्न नसकिने भनी निर्णय गरेको अवस्थामा बाहेक परामर्श सेवा लिनु हुने छैन। ठूला र जटिल प्रकृतिका आयोजनामा बाहेक सुपरिवेक्षण परामर्शदाताको सेवा लिनु हुने छैन। ऐन, नियम, नीति, कार्यविधि, मापदण्डलगायतका दस्तावेजहरूको मस्यौदा तयार गर्न परामर्श सेवा लिनु हुने छैन।

... प्रसाद सिग्देल

नेपाल सरकार
# पूर्वाधार विकास मन्त्रालय
फोन नं.: ४२११८८०, ४२११६५८, ४२११६६८
सिंहदरवार, काठमाडौं, नेपाल।

पत्र संख्याः
चलानी नं.:

२९. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत खर्च, मसलन्द तथा कार्यालय सामाग्री खर्च, भत्ता, तालिम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च लगायतका प्रशासनिक खर्चमा अधिकतम मितव्ययिता अपनाई खर्च गर्नु हुनेछ। सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने नीति बमोजिम सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नु हुनेछ।

३०. विनियोजित बजेटबाट नयाँ चार पाङ्ग्रे सवारी साधन खरिद गर्नु पर्ने भएमा अनिवार्यरुपमा अर्थ मन्त्रालयको पूर्व सहमति लिनु हुनेछ।

३१. वैदेशिक भ्रमणका लागि अनिवार्यरुपमा अर्थ मन्त्रालयको पूर्व सहमति लिनु हुनेछ।

३२. कार्यालयको कार्य सम्पादनका निम्ति सरकारी निकायहरूले खाली रहेका सरकारी भवनहरूलाई प्राथमिकताका साथ उपयोग गर्नु पर्नेछ । सरकारी स्वामित्वको भवन उपलब्ध नभएको खण्डमा मात्र मुख्य व्यापारिक केन्द्र वा प्रमुख मार्गभन्दा बाहिर रहेका न्युनतम पूर्वाधार र सुविधाका घरहरू भाडामा लिने व्यवस्था मिलाउनु हुनेछ। यसरी भाडामा लिने घरहरू पूर्ण रूपमा सरकारी प्रयोजनमा मात्र प्रयोग हुने व्यवस्था मिलाउनु हुनेछ।

३३. भुक्तानी प्रणालीलाई सहज र व्यवस्थित बनाई सरकारी कोषको प्रभावकारी उपयोगका लागि मासिक नगद योजना तर्जुमा गरी अर्थ मन्त्रालयमा पठाउनु हुनेछ । नगद प्रवाहलाई व्यवस्थित गर्न एक अर्व रुपैयाँभन्दा बढीको भुक्तानी दिनुपर्ने भएमा सात दिन अगावै सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत अर्थ मन्त्रालयलाई अनिवार्य जानकारी गराउनु हुनेछ ।

(घ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था

३४. विनियोजन ऐन, २०८३ बमोजिम समानीकरण अनुदान बाहेक अन्य अनुदान शीर्षकबाट हस्तान्तरण भई खर्च नभएको रकम फिर्ता हुने व्यवस्था भएकोले आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

३५. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धिसूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या र कारणहरू उल्लेख गरी राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु हुनेछ। प्रत्येक दुई महिनामा अर्थ मन्त्रालयमा हुने बजेट कार्यान्वयन समीक्षामा सहभागी हुनु हुनेछ ।

(ङ) अन्य व्यवस्था

३६. आयोजना तथा कार्यक्रम कार्यान्वयनको सिलसिलामा सिर्जना हुन सक्ने वित्तीय जोखिम (Fiscal Risk) को आँकलन गरी वित्तीय जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गर्नु हुनेछ ।

३७. ठूला आयोजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गरी जोखिमको लेखाजोखा गर्ने प्रणालीको विकास तथा वित्तीय जोखिम व्यवस्थापनलाई सबल बनाउँदै पुंजीगत खर्चमा उल्लेखनीय सुधारको प्रयास गर्नु हुनेछ ।

...प्रसाद सिग्देल

नेपाल सरकार
# पूर्वाधार विकास मन्त्रालय

फोन नं.: ४२११८८०, ४२११६५८, ४२११६६८

सिंहदरवार, काठमाडौं, नेपाल ।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं

पत्र संख्याः
चलानी नं.:

३८. विभाग तथा मातहतका कार्यालय/आयोजनाले आर्थिक अनुशासन र खर्चमा मितव्ययिता कायम गर्ने उपायहरू अवलम्बन गर्दै आर्थिक अनुशासन कायम गर्नु गराउनु पर्नेछ । जिम्मेवार पदाधिकारीले बेरुजु आउनै नदिने गरी कार्य गर्ने तथा बेरुजु फस्यौंट कार्यलाई उच्च प्राथमिकता दिई कार्यसम्पदन गर्नु गराउनु पर्नेछ ।

३९. चालु आर्थिक वर्षमा विनियोजित बजेट तथा कार्यक्रम तोकिएको समय, लागत र गुणस्तरमा सम्पन्न गर्न तत्काल बजेट कार्यान्वयन कार्यतालिका बनाई आर्थिक वर्षको सुरुदेखि नै सार्वजनिक खरिद प्रक्रिया अगाडि बढाउनु हुनेछ ।

अन्तमा, वित्तीय उत्तरदायित्वको भूमिका वहन गरी, अधिकतम तहमा वजेटका उदेश्य र प्रतिफल प्राप्त गर्नुहुनेछ साथै बेरुजु फस्यौंट कार्यलाई उच्चतम प्राथमिकताका साथ कार्य गर्नुहुनेछ भन्ने विश्वास लिएको छु ।

..................................
(गोपाल प्रसाद सिग्देल)
सचिव

<u>बोधार्थ</u>

१. श्री महालेखापरीक्षकको कार्यालय, अनामनगर काठमाडौं ।
२. श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं ।
३. श्री राष्ट्रिय योजना आयोग, सिंहदरवार, काठमाडौं ।
४. श्री अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा, सिंहदरवार, काठमाडौं ।
५. श्री महालेखा नियन्त्रक कार्यालय, बजेट कार्यान्वयन शाखा, अनामनगर, काठमाडौं ।
६. श्री पूर्वाधार विकास मन्त्रालय, सबै महाशाखाहरु ।